**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 25.06.2024**

***Lok Sabha Adhyaksha***

लोकसभा अध्यक्षको पदका लागि भारतीय जनता पार्टीका वरिस्ट सांसद श्री ओम बिरला रास्ट्रिय जनतान्त्रिक गठनवन्धन NDA का उम्मेदवार हुनुहुनेछ। विपक्ष इण्डिया गठनबन्धले यस पदका लागि काँग्रेसका सांसद के सुरेशलाई आफ्नो उम्मेदवार बनाएको छ। दुवै उम्मेदवारहरूले आज आफ्नो नाम्ङ्कन दर्ता गर्नुभयो। अध्यक्षको चुनाउ भोलि हुनेछ। यसअघि सरकार र विपक्ष यस पदका लागि आम सहमति बनाउन असफल रहे। लोकसभा अध्यक्षको चुनाउ स्वाधीनताको समयदेखिनै कुनै प्रतिस्पर्धाबिना हुन्छ तर यसपालि पहिलोचोटी प्रतिस्पर्धा भइरहेछ।

***CM***

मुख्यमन्त्री श्री प्रेमसिंह तामाङले आज नयाँदिल्लीमा केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जे पी नड्डासित भेट गर्नुभयो। भेटघाटका बेला श्री तामाङले केन्द्रीय मन्त्रीलाई राज्यमा स्वास्थ्य क्षेत्रको स्थिती विशेष गरी नाम्ची अस्पताल र सिङताम अस्पतालवारे जानकारी दिनुभयो। श्री नड्डाले राज्यको अस्पताल पूर्वाधार विकास गर्न विभिन्न योजनाहरूद्वारा व्यापक सहयोग गर्ने आश्वासन दिनुभएको छ। केन्द्रीय मन्त्रीले STNM अस्पतालमा विशेष रूपले क्यान्सर र हड्डीरोग सम्वन्धई उपचारका लागि बहुविशिस्ट ब्लक स्थापना गर्ने सुझाउ पनि दिनुभयो। यस अवसरमा राज्यका स्वास्थ मन्त्रई श्री जी टी ढुंगेल, लोकसभा सांसद श्री इन्द्रहाङ सुब्बा, राज्यसभा सदस्य श्री दोर्जी छिरिङ लेप्चा, मुख्य सचिव श्री विजय भूषण पाठक र मुख्यमन्त्री कार्यालयका सचिव श्री शङ्करदेख ढकाल उपस्थित हुनुहुन्थ्यो।

***CM Jaishakti Minister***

केन्द्रीय मन्त्रीहरूलाई भेटने क्रममा मुख्यमन्त्रीले केन्द्रीय जलशक्ति मन्त्री श्री सी आर पाटिलसित भेट गरी राज्यमा गत वर्ष अक्टूवर महीनामा टिस्टा नदीमा आएको विनाशकारी बाढ़ीको प्रभाववारे अवगत गराउनुभयो। उहाँले भन्नुभयो बाढ़ीले गर्दा धेरै मात्रामा ढुंगा, माटो र बालुवा थुप्रिएकाले नदीको स्तह 8-10 मिटर माथि उठेको छ। टिस्टा नदीको किनारलाई सुढृढ़ बनाउनुपर्ने खाँचोमाथि जोड़ दिंदै श्री तामाङले भन्नुभयो जीमादेखि मल्लीसम्म उपयुक्त नदी प्रशिक्षण कार्यको आवश्यकता छ।

***CM Gadkari***

मुख्यमन्त्रीले अपरान्हको समयमा केन्द्रीय सड़क परिवहन तथा राजमार्ग मन्त्री श्री नितिन गडकरीसित भेट गर्नुभयो। उहाँसीत बातचीतको क्रममा श्री तामाङले सिभोक रम्फु सड़कका लागि ढिगो समाधान निकाल्नुपर्ने आवश्यकता रहेको कुरो बताउँदै विशेषज्ञहरूको टोलीद्वारा यसको व्यापक अध्ययन गराउने प्रस्ताव राख्नुभयो। मुख्यमन्त्रीले गत वर्ष अक्टूवर महूनारो विनाशकारी बाढ़ीपछि रास्ट्रिय मार्ग यसमा नियमित अवरोध उत्पन्न हुने हुनाले यस मार्गको निर्माण तथा रखरखाउ कार्य भारतीय रास्ट्रिय राजमार्ग प्राधिकरण NHAI तथा रास्ट्रिय मार्ग तथा पूर्वाधार विकास निगम जस्ता केन्द्रीय एजेन्सीलाई सुम्पिने आग्रह गर्नुभएको छ। श्री गडकरीले यी एजेन्सीका अधिकारीहरूलाई यो कार्य हातमा लिएर समस्याको यथाशीघ्र समाधान गर्ने निर्देश दिनुभयो। श्री तामाङले छोचेन बडापाथिङदेखि गान्तोक, तोक्ची र माचोङ भएर पाकिम हवाईअड्डा सम्मका लागि वैकल्पिक मार्गको प्रस्ताव सुम्पिनुभएको छ। उहाँले मल्लीदेखि सिङताम सम्म वैकल्पिक मार्ग सिरिजंगा फल्स नजीका राजमार्ग परियोजना सम्वन्धमा नयाँ सरेखनको आवश्यकतावारे अवगत गराउनुभयो। श्री तामाङले हालैको मुसलधारे पानीले गर्दा गान्तोकलाई भारत चीन सीमानासँग जोड़ने महत्वपूर्ण रास्ट्रिय मार्ग 310 को शीघ्र मरम्मतिका लागि केन्द्रीय मन्त्रीको हस्तक्षेपको आग्रह गर्नुभएको छ।

***MLA Visit***

गोजिङ बर्मेक समस्टिका विधायक श्री लोकनाथ शर्माले आज माईल गेजिङको पैहो प्रभावित क्षेत्रको भ्रमण गर्नुभयो। क्षेत्रमा हिजो मुसलधारे पानीले गर्दा पैहो जानाले एकजना वयक्तिले ज्यान गुमाउन परयो। भ्रमणावधिमा श्री शर्माले पिडीत परिवारहरू वरपर क्षेत्रका प्रभावित स्थानीय वासिन्दाहरू, जिल्ला प्रशासनका अधिकारीगण र पुलिस कर्मीहरू भेट गर्नुभयो। यसैवीच सिक्किम राज्य आपदा प्रवन्धन प्राधिकरण र अरू विभिन्न विभागका अधिकारीहरूको टोलीले आज गाङचोङ नजिकै गणेष टोकना नालीको समस्यालाई ध्यानमा राखेर चाँनमारीको पैहो प्रभावित संयुक्त निरीक्षण गरयो। यस अवसरमा विधायक तथा स्वास्थ्य एवं संस्कृति विभागका सल्लाहकार श्री थिन्ले छिरिङ भुटिया र पूर्व विधायक श्री कुंगा निमा लेप्चा पनि उपस्थित हुनुहुन्थ्यो।

***Motorcycle expedition***

महिलाहरू विशेष गरी किशोरीहरूलाई सशक्त बनाउने भारतीय सेनाको प्रयास अन्तर्गत त्रिशक्ति कोरले गत अठार जूनदेखि हिजो चौबिस जूनसम्म उत्तर बंगाल र सिक्किममा मोटरसाइकल अभियान संचालन गरयो। नयाँ दिल्लीको एउटा संस्थानका महिला बाइ मोटरसाइकल सवारहरूको एउटा टोली सहभागी बनेको अभियानको उद्देश्य महिला सशक्तिकरण प्रदर्शित गर्नु, विभिन्न युध्दसमारकहरूमा भारतीय सेनाका वीर जवानहरूप्रति श्रध्दाञ्जली अर्पण गर्नु र उत्तर बंगाल र सिक्किमका सीमावर्ती क्षेत्रहरूमा पर्यटनको क्षमता प्रदर्शन गर्नु रहेको थियो। सिक्किममा अभियान टोलीले नाथुला र बाबामन्दिरसम्मको यात्रा गर्दै गन्जुलामा युध्द समारकमा श्रध्दार्पण समारोहपछि अभियान गान्तोकमा सम्पन्न भयो।